चन्द्रपुर नगरपालिका

नगर कार्यपालिकाको कार्यालय

चन्द्रनिगाहपुर, रौतहट

# नगर सभाको पन्ध्रौं अधिवेशन

आ.व. २०८२/८३

नीति, कार्यक्रम तथा बजेट वक्तब्य

चन्द्रपुर नगरपालिका

# चन्द्रपुर नगरपालिकाको नगर उप प्रमुख श्री जयमाला कुमारी चौधरीले चन्द्रपुर नगरपालिकाको नगर सभाको पन्ध्रौं अधिवेशनमा प्रस्तुत गर्नुभएको

## आगामी आर्थिक वर्ष २०८२।०८३ को नीति, कार्यक्रम तथा बजेट वक्तब्य

**नगर सभाको पन्ध्रौं अधिवेशनका आदरणीय सभाध्यक्षज्यू, र सदस्यज्यूहरु,**

चन्द्रपुर नगरपालिकाको यस गरीमामय नगर सभाको पन्ध्रौं अधिवेशनमा नगर उप प्रमुखको हैसियतले चन्द्रपुर नगरपालिकाको आगामी आर्थिक वर्ष २०८२।०८३ को नीति, कार्यक्रम तथा बजेट प्रस्तुत गरीरहँदा खुशी र गौरवान्वित महसुस गरेको छु । सर्वप्रथम यस महत्वपूर्ण अवसरमा मुलुकलाई तीन तहको सरकार सहित संघीय लोकतान्त्रिक गणतन्त्रको आजको यस परिवर्तित युगसम्म ल्याउन र देशको समग्र राष्ट्रियता, सार्वभौमसत्ता, अखण्डता, राष्ट्रिय स्वाधिनता, स्वतन्त्रता एवं संघीयता सहितको मुलुकको समृद्धिको भाग्य रेखा कोर्नको लागि विभिन्न समय क्रममा जीवन उत्सर्ग गर्नुहुने ज्ञात अज्ञात सम्पूर्ण आदरणीय शहिदहरुप्रति भावपूर्ण श्रद्धाञ्जली अर्पण गर्न चाहन्छु र घाइते योद्दाहरुप्रति सम्मान सहित शीघ्र स्वास्थ्य लाभको कामना गर्दछु ।

**आदरणीय सभाध्यक्षज्यू,**

विगत आर्थिक वर्षको चन्द्रपुर नगरपालिकाको नीति, कार्यक्रम र बजेट कार्यान्वयनबाट सुशासन, विकास र समृद्धिको आधारसिला बृद्धि भई नगरपालिकाबाट हुने सेवा प्रवाहमा सुधार, सडक लगायत भौतिक पूर्वाधारहरुको दिगो विकास, गरीबी निवारण, रोजगारीको अवसर तथा नगरवासीको जीवनस्तरमा सकारात्मक प्रतिफल देखिन थालेको छ ।नगरवासीहरु चरम गरीबी, विपन्नता, निरक्षरता र पछौटेपनमा रहनुपर्ने वाध्यात्मक स्थितिको अन्त्य हुने मार्ग तय भएको छ ।सबै नगरवासीहरुको लागि भौतिक पूर्वाधारहरु, आधारभूत शिक्षा तथा प्राथमिक स्वास्थ्य सेवामा पहूँच र सामाजिक सुरक्षाको व्यवस्था सुनिश्चित हुँदैछ ।

आर्थिक, सामाजिक र भौतिक पूर्वाधार निर्माणका कार्यहरुमा तिव्रता आएको छ । निजी क्षेत्र र सहकारी क्षेत्रलाई सँगै लिएर जाने वातावरणमा सुधार हुँदैछ, भौतिक पूर्वाधार तर्फको प्रगति उत्साहजनक छ । पर्यटन पूर्वाधारका विकास र प्रवर्द्धन गर्ने कार्यक्रमहरु अगाडि बढेका छन । नुन्थर पर्यटकीय क्षेत्रमा फिल्म सिटिको पूर्वाधारको लागि डी.पी.आर. तयार गरी अगाडी बढाउन जोड दिइनेछ | जि.पी. पार्क (डावरी पार्क) मा बाल उद्यानलाई जोड दिइनेछ | नगरवासीको शिक्षा र स्वास्थ्य स्थितिमा सुधार ल्याउन सम्वन्धित निकायहरुलाई चुस्त गतिमा परिचालन गरिएको छ। नगरपालिकाको दैनिक

प्रशासन र सेवा प्रवाहमा सुधार भएको छ । निजी तथा सहकारी क्षेत्रलाई नगरपालिकाको कार्यक्षेत्रको दायराभित्र ल्याई सँगै लिएर हिडने प्रक्रिया प्रारम्भ गरिएको छ । नगरपालिकाको कार्यक्षेत्रसँग सम्वन्धित क्षेत्रहरुको कार्य प्रगतिलाई चुस्त र दुरुस्त राख्न र नगरवासीहरुको गुनासो र आकांक्षालाई समयमा नै सम्वोधन गर्न अनुगमनलाई तिव्रता दिइएको छ,

नेपालको संविधान र स्थानीय सरकार सञ्चालन ऐन समेतका कानूनहरुले व्यवस्था गरे बमोजिम सहभागितामूलक योजना तर्जुमा प्रक्रिया मार्फत आगामी आर्थिक वर्षको राजश्व र व्यय सहितको बजेटको अनुमान नगर कार्यपालिकाबाट स्वीकृत गराई नीति, कार्यक्रम र बजेट चालु आर्थिक वर्षको आषाढ १० गते भित्र नगर सभामा पेश गर्ने र आषाढ मसान्तभित्र पारित गरी सक्नुपर्ने कानूनी प्रावधान रहेको छ । स्थानीय सरकार सञ्चालन ऐन, २०७४, तथा प्रचलित कानून, निर्देशिका तथा कार्यविधिको अधिनमा रही गत आर्थिक वर्ष २०८०/०८१ को यथार्थ आय-व्ययको विवरण, चालु आर्थिक वर्ष २०८१/०८२ को संशोधित बजेट तथा कार्यक्रम र आगामी आर्थिक वर्ष २०८२/०८३ को अनुमानित वार्षिक बजेट, नीति तथा कार्यक्रमलाई नगर कार्यपालिकाबाट स्वीकृत गरी पेश गरिएको व्यहोरा अनुरोध गर्दछु ।

**आदरणीय सभाध्यक्षज्यू,**

अब म चन्द्रपुर नगरपालिकाको समग्र विकास सम्वन्धी वस्तुस्थितिको संक्षिप्त आंकलन यहाँहरु समक्ष राख्ने अनुमति चाहन्छु । चन्द्रपुर नगरपालिकाको विकासको वर्तमान अवस्था, नगरवासीहरुको वढ्दो चाहना र अपेक्षा, उपलव्ध सिमित श्रोत साधन, कार्यालय र नगरका मौजुदा समस्या तथा चुनौतिहरु, कार्य सम्पादनको क्रममा देखिएका चुनौती तथा अवसरहरुप्रति बृहत रुपमा विश्लेषण गर्दै नगरपालिकाको दुरगामी विकास गर्ने अर्जुन दृष्टि निर्माण गर्नु चन्द्रपुर नगरपालिकाको आजको आवश्यकता रहेको छ ।

नगरपालिकाको समग्र विकासको क्रममा पछाडि पारिएका वर्ग तथा क्षेत्रका समुदायलाई न्यायपूर्ण र समतामूलक समाजको विकासको मूलप्रवाहमा ल्याउने, उत्पादनमूलक क्षेत्रमा लगानी वृद्दि गर्ने, रोजगारीका अवसरहरुको सृजना एवं विस्तार र विविधीकरण गर्ने, कृषि एवं पशु विकास क्षेत्रहरुको प्रवर्द्धन तथा विविधीकरण गर्ने, उत्पादनमूलक क्षेत्रहरुको व्यवसायिकरण गर्ने, आधुनिकीकरण एवं यान्त्रीकरण गर्दै सूचना, सञ्चार र प्रविधिको माध्यमबाट सुशासनमा प्रवर्द्धन गरी सार्वजनिक विकास, पूर्वाधारहरुको दिगो विकास गरी सेवा र सुविधाहरुको प्रवाह गर्ने, पर्यटकीय दृष्टिले अनुपम संभावना रहेको पर्यटन क्षेत्रको विकास गरी यसवाट प्राप्त लाभ टोल, बस्ती हुँदै विपन्न वर्गसम्म

पुर्याउने, नदि, ताल तथा सिमसार क्षेत्रको संरक्षण गर्दै पर्यावरणीय सन्तुलन कायम गर्ने, जलवायु परिवर्तनको नकरात्मक असरको न्यूनीकरण गर्दै अनुकुलनका कार्यक्रमहरु कार्यान्वयन गर्ने, समय सुहाउँदो भौतिक पूर्वाधारहरुको विकास र विस्तार गर्ने, सामाजिक विकास एवं पूंजीलाई संस्थागत गर्दै चन्द्रपुर नगरपालिकाले लिएको, "समृद्ध चन्द्रपुर नगरपालिका, सुखी नगरबासी" को गन्तव्यमा पुग्न **"युवा शक्ति सहितको समावेशी सहर सुशासन युक्त हाम्रो चन्द्रपुर नगर"** भन्ने दृष्टिकोणलाई चुम्न सक्ने गरी दिगो विकास गर्ने पूर्वाधार विकासका कार्यहरु गर्नु हाम्रा मुख्य चुनौतिहरु रहेका छन् ।

**आदरणीय सभाध्यक्षज्यू,**

प्रस्तुत चुनौतीका वावजुद पनि नगरपालिकाको समग्र विकास र समृद्दि गर्न कायम रहेको जनप्रतिनिधिहरुको उच्चस्तरको अठोट, समन्वय एवं संतुलित एकता, पर्यटकीय आकर्षणका धरोहरका रुपमा रहेका नुनथर पर्यटकीय स्थल, पौराई ब्रम्हस्थान, निजानन्द धाम, शहिद स्मृति पार्क, डावरी, कोटीहोम, तिलेश्वर पार्क मरधर सिमसार, चन्द्रपुर झर्ना, कालापानी पिकनिक स्पोट, महादेव डांडा पर्यटकीय स्थल समेतका प्रचुर जैविक विविधता एवं पर्यटकीय उपस्थिति, शैक्षिक एवं स्वास्थ्य सम्वन्धी सूचकहरुको दृष्टिले रौतहट जिल्लामा रहेका अन्य स्थानीय तहहरु भन्दा चन्द्रपुर नगरपालिका अग्रपंङ्तीमा रहेको छ। शिक्षा स्वास्थ्य सहितका मानव विकास एवं आर्थिक सूचकांकहरुमा चन्द्रपुर नगरपालिकाको वढ्दोस्तर, आकर्षणयुक्त बसाइसराई, फैलदो सडक सञ्जाल, सक्रिय एवं विकासप्रेमी नागरिक समाज र वस्ती, निजी क्षेत्र एवं गैरसरकारी क्षेत्रको प्रचुर विकास र सहयात्रा यस नगरपालिकाका विकासका थप अवसर एवं पूंजीको रुपमा रहेका छन् ।

पूर्वाधार विकास गर्दा र सडक निर्माण तथा मर्मत संभारका योजनाहरु कार्यान्वयन गर्दा सम्वन्धित निकायहरुसंग समन्वय गर्दै कार्यान्वयनमा दोहोरोपना आउन नदिन आवश्यक समन्वय गर्ने व्यवस्था अगाडि वढाइएको छ। यस कार्यलाई आगामी आ.ब. २०८२/०८३ मा थप प्रभावकारी वनाउँदै लगिनेछ । पर्यटन पूर्वाधारहरुको सन्दर्भमा विभिन्न जातजातीहरुको धार्मिक तथा सांस्कृतिक र प्राकृतिक सम्पदाहरुको संरक्षण र सम्वर्द्धन गर्दै लगिनेछ । नगरपालिकालाई पूर्ण वालविवाह मुक्त, पूर्ण खोप मुक्त, पूर्ण बालश्रम मुक्त र पूर्ण साक्षरयुक्त नगरपालिकाको रुपमा कायम राख्ने गरी कार्यहरु भईरहेका छन् ।

आदरणीय सभाध्यक्षज्यू,

नगरपालिकाको विकास सम्वन्धी अवस्थाको संक्षिप्त सिंहावलोकनपछि अव म चन्द्रपुर नगरपालिकाको गत आर्थिक वर्ष २०८०/०८१ को यथार्थ आय-व्यय एवं प्रमुख उपलव्धीहरुको समष्टिगत समिक्षात्मक विवरण प्रस्तुत गर्ने अनुमति चाहन्छु ।

संघीय सरकारबाट वित्तीय समानीकरण, राजश्व बाँडफाँड तथा अन्य सबै श्रोत बाट रु. १ अर्ब २६ करोड ३० लाख १३ हजार ३ सय ९१ रुपैयाँ प्रस्तावित आय रहेकोमा रु. ९१ करोड ३६ लाख ३४ हजार ४ सय ८४ रुपैयाँ मात्र वास्तविक आय रहेको थियो सो मध्ये गत आ. व. मा जम्मा रु. ९१ करोड २४ लाख ८३ हजार ५ सय ८३ रुपैयाँ खर्च भएको देखिन्छ । बाँकि रकम विभिन्न दायित्व तथा कोषहरु मार्फत चालु आर्थिक वर्षमा जिम्मेवारी सारिएको छ,

चालु आर्थिक वर्षमा नगरपालिका क्षेत्रभित्र चन्द्रपुर नगर कार्यपालिकाको कार्यालयबाट प्रदेश सरकारको साझेदारीमा वडा नं. १० मा करिब ६ करोड लागतमा निर्माण भईरहेको खाधान्न भण्डारको कार्य चालु आ.व. मा नै सम्पन्न भई आगामी आ.व. देखि सञ्चालनमा ल्याइनेछ ।

आदरणीय सभाध्यक्षज्यू,

अव म चालु आर्थिक वर्ष २०८१/०८२ को बजेट कार्यान्वयनको जेष्ठ महिनासम्मको यथार्थ र आषाढ मसान्तसम्मको संशोधित अवस्था प्रस्तुत गर्ने अनुमति चाहन्छु ।

चालु आ. व. २०८१/०८२ मा जम्मा रु. १ अर्ब ४७ करोड ३६ लाख १८ हजार ८ सय २३ रुपैयाँ आय व्यय प्रस्ताव भएकोमा २०८१/०८२ मा ज्येष्ठ मसान्त सम्म जम्मा रु. ७० करोड ४८ लाख २२ हजार ५ सय ५० रुपैयाँ मात्र वास्तविक आय रहेको छ भने जेष्ठ मसान्तसम्मा जम्मा खर्च ६३ करोड २९ लाख ४५ हजार ३ सय ९५ रुपैयाँ खर्च भएको देखिन्छ ।

साथै चालु आर्थिक वर्षको आषाढ मसान्तसम्ममा कूल संशोधित अनुमानित व्यय मध्ये चालु र पुँजीगत गरी रु ७ करोड व्यय हुने र करिब रु. ७ करोड रकम आगामी आ.व.मा दायीत्व सार्नुपर्ने अनुमान गरिएको छ । त्यसैगरी चालु आर्थिक वर्षमा कूल मालपोत बाट प्राप्त हुने आय रु. ३१ करोड ९ लाख ७० हजार ४ सय ४७ रुपैयाँ प्रस्ताव गरेकोमा चालु आ.व. को चैत्र मसान्त सम्म रु. २ करोड ५१ लाख ४३ हजार ६ सय ४८ रुपैयाँ संकलन भएको छ भने अन्य आन्तरिक आय तर्फ ३० करोड ५३ लाख ३ सय ७१ रुपैयाँ प्रस्तावीत रहेकोमा यस आ.व. को जेष्ठ मसान्त सम्म ५ करोड ४४ लाख ९७ हजार ४ सय ६५ रुपैयाँ मात्र संकलन भएको छ भने चालु आ.व. को

आषाढ मसान्तसम्म रु. १ करोड (मालपोत तथा अन्य आन्तरिक आय समेत) आय राजश्व संकलन हुने संशोधित अनुमान गरिएको छ ।

आदरणीय सभाध्यक्षज्यू,

अव म नगरपालिकाको समग्र विकासका लागि आगामी आर्थिक वर्ष २०८२/०८३ को प्रस्तावित नीति, कार्यक्रम तथा बजेट, नगरपालिकाको दिर्घकालीन सोंच, नगरपालिकाको विकासका प्राथमिकताहरु, योजना तर्जुमाका आधारहरु र नगरपालिकाका समग्र नीतिहरुको सार संक्षेप यहाँहरु समक्ष प्रस्तुत गर्ने अनुमति चाहन्छु ।

दिर्घकालीन सोंच :

चन्द्रपुर नगरपालिकाको, "युवा शक्ति सहितको समावेशी सहर सुशासन युक्त हाम्रो चन्द्रपुर नगर" मूल ध्येयले परिकल्पना गरेको युवा शक्तिको साथ समृद्ध नगरको विकास र सम्बृद्धि प्रतिको सोंच नै यस बजेट, नीति तथा कार्यक्रमहरुको दिर्घकालीन सोंच रहनेछ। यसको लागि सम्पूर्ण नगरवासीहरुलाई नगर विकास तथा समृद्धिको मूल मार्गमा समाहित गर्दै अगाडि बढ्नु चन्द्रपुर नगरपालिकाको आजको मूल आवश्यकता रहेको छ ।

उद्देश्य :

युवा शक्तिको सहकार्यमा आर्थिक – सामाजिक रुपान्तरण सहितको समावेशी तथा न्यायपूर्ण, समता एवं समृद्धमूलक चन्द्रपुर नगरपालिका निर्माण गर्दै दिगो विकासमा टेवा पुर्याउनु यस नीति, कार्यक्रम तथा बजेटको मुख्य उद्देश्य हुनेछ ।

प्राथमिकताका क्षेत्रहरु :

शिक्षा, स्वास्थ्य सम्वन्धी सूचकहरुमा सुधार, सहकारी तथा निजी क्षेत्रको भूमिकामा गुणात्मक सुधार, सूचना तथा प्रविधिको विकास, स्थानीय भौतिक पूर्वाधारहरुको निर्माण, कृषि, पशु, वन तथा वातावरण र पर्यटन क्षेत्रको विकास, मानवीय सूचकहरुको विकास र लैङगीकतामा आधारित न्यायपूर्ण र समतामूलक विकास नै नगर विकास योजनाको प्रमुख प्राथमिकताका क्षेत्रहरु रहने छन् ।

योजना तथा कार्यक्रम तर्जुमा छनौटका आधार एवं मार्गदर्शनहरु :

नेपालको संबिधान, २०७२ का राज्यका निर्देशक सिद्दान्त, नीति र दायित्व समेतका संवैधानिक प्रावधानहरु, संघीय र प्रदेश सरकारको चालु आवधिक योजना, राष्ट्रिय योजना आयोग र संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयवाट प्राप्त नीतिगत मार्गनिर्देशनहरु, संघीय सरकारबाट प्राप्त बजेट सिलिङ्ग, संघीय सरकारवाट समय समयमा

प्राप्त नीतिगत निर्देशनहरु, मधेश प्रदेश सरकारबाट प्राप्त नीतिगत मार्गनिर्देशनहरु र प्राप्त बजेट सिलिङ, मधेश प्रदेश सरकारबाट समय समयमा प्राप्त नीतिगत निर्देशनहरु, स्रोत अनुमान तथा बजेट सिलिङ्ग समिति, राजश्व परामर्श समिति, वडासभा, बिषयगत समितिहरु, नगर कार्यपालिकाका सदस्यज्यूहरुबाट प्राप्त सुझावहरु, चन्द्रपुर नगर सभाका सदस्यज्यूहरुबाट प्राप्त सुझावहरु, राजनैतिक दल, निजी क्षेत्र, सहकारी क्षेत्र समेतका नगर विकासका सरोकारवालाहरुवाट प्राप्त सुझावहरु, स्थानीय सरकार सञ्चालन ऐन, गत विगतका नगर सभाहरुवाट प्राप्त पृष्ठपोषणलाई यो नगरपालिकाको विकास योजना तर्जुमा गर्दा मार्गदर्शनको रुपमा अवलम्वन गरिएको व्यहोरा अनुरोध गर्दछु ।

<u>आदरणीय सभाध्यक्षज्यू,</u>

अव म आगामी आर्थिक वर्ष २०८२/०८३ का लागि नगरपालिकाका प्रमुख क्षेत्रगत नीति तथा कार्यक्रमहरु प्रस्तुत गर्ने अनुमति चाहन्छु ।

<u>भौतिक पूर्वाधार विकास नीति</u> :

१. सडक पूर्वाधार निर्माण र विकासमा नेपाल सरकार तथा मधेश प्रदेश सरकारका विषयगत मन्त्रालयहरु सँग बजेट विनियोजन तथा लगानीमा सहकार्य, साझेदारी तथा समन्वय कायम गर्ने नीति लिएको छ ।
२. नगर क्षेत्रमा नगरपालिकाको पूर्व स्वीकृत विना घर टहरा लगायतका भौतिक पूर्वाधार निर्माण गर्ने गरेको पाइएको छ | यसरी विना स्वीकृत निर्माण गर्दा मापदण्ड विपरीत र भवन संहिताको समेत पालना नहुने अवस्था आउन सक्दछ । यसर्थ नगरपालिकाको स्वीकृति विना घर टहरा लगाएतका भौतिक संरचना निर्माण भएको देखिना साथ वडा कार्यालयबाट त्यस्तो निमार्ण कार्य रोक्का राख्न पत्रचार गर्ने नीतिगत व्यवस्था अवलम्वन गरिनेछ ।
३. आवधिक योजना तयार गरी लागु गरिनेछ । नगर यातायात गुरुयोजना तयार गरिनेछ |
४. कम्तिमा रु. ५ लाख भन्दा घटिको भौतिक पूर्वाधारको योजना वडाले छनौट नगर्ने नीति अवलम्बन गरिनेछ |
५. आगामी आर्थिक वर्षमा भौतिक पूर्वाधार विकास सम्वन्धी कार्यक्रमहरुको लागि आवश्यक बजेट विनियोजन गरी प्रस्ताव पेश गरेको छु |
६. भूमिहीन, दलित, भूमिहीन सुकुम्बासी तथा अव्यवस्थित बसोबासको समस्या चाडै समाधान गर्ने कार्यक्रम ल्याइनेछ |

<u>सामाजिक विकास नीति</u> :

१. चन्द्रपुर नगरपालिका क्षेत्रको शान्ति सुरक्षाको व्यवस्थामा सुधार ल्याई आवागमन र विकास निर्माण गर्ने कार्यलाई सुधार ल्याउने उद्देश्यले नगरको सुरक्षा स्थितिमा सुदृढीकरण गर्न नगरमा रहेका सुरक्षा निकायहरुसँग समन्वय गरी सुरक्षा सम्बन्धी कार्यक्रमहरु कार्यान्वयन गरिनेछ ।

२. उपभोक्ता हित संरक्षण र बजार अनुगमन खाध्य गुणस्तर मापन व्यवस्थापन कार्यलाई निरन्तरता दिइने छ ।

३. आगामी आर्थिक वर्षको सामाजिक विकास सम्वन्धी कार्यक्रमहरुको लागि आवश्यक बजेट विनियोजन गरी प्रस्ताव पेश गरेको छु ।

४. लागु औषधको बढ्दो प्रयोग र बालबालिका तथा युवा जमातमा परेको प्रभाको मूल्याङ्कन गरी यसको रोकथामका लागि प्रभावकारी नीति अबलम्बन गरी आवश्यक बजेट विनियोजन गरिनेछ ।

<u>स्वास्थ्य सम्वन्धी नीति :</u>

१. नगरका सबै सामुदायिक स्वास्थ्य संस्थाहरुमा आम नागरिकका लागि आवश्यक सबै प्रकारका औषधिहरु वर्षभरीनै निशुल्क वितरणको प्रबन्ध मिलाइनेछ ।

२. मातृ शिशु मैत्री तथा पोषण मैत्री स्थानीय तह अवलम्बन गरिनेछ ।

३. आम नागरिकको बस्ती तथा टोलमा नै उपस्थित भई स्वास्थ्य सेवा प्रदान गर्न घुम्ती शिविर मार्फत विशेषज्ञ, प्रयोगशाला सेवा र निशुल्क औषधि वितरण गर्ने कार्य सञ्चालन गरिनेछ ।

४. औला, कालाजार तथा डेंगु रोग नियन्त्रणका लागि आवश्यक जनचेतना मूलक कार्यक्रम सञ्चालन गर्नुका साथै माथिल्लो निकायसंग समन्वय गरी निर्देशिका बमोजिम औषधि छर्कने कार्यक्रम सञ्चालन गरिनेछ ।

५. बौलाहा कुकुरले टोकेको भ्याक्सिनको आपूर्तिमा निरन्तरता दिई नियमित रुपमा सेवा प्रदान गरिनेछ ।

६. रेबिज, सर्पदंश आदिको बारेमा प्रचार प्रसार तथा आवश्यक उपचारको व्यवस्थापन गरिनेछ

७. मातृ तथा नवजात शिशु कार्यक्रमलाई निरन्तरता दिई परिवार नियोजन लगायत सुरक्षित गर्भपतन सेवा कार्यक्रमलाई सुव्यवस्थित ढंगले सञ्चालन गरिनेछ ।

८. गर्भवती, सुत्केरी महिला तथा बालबालिकाहरुलाई कुपोषण बाट बचाउने उदेश्यले नियमित लेखाजोखा तथा पोषिलो आहार वितरण गर्ने कार्यक्रम लागु गरिनेछ ।

९. ट्रमा सेन्टर निर्माण तथा व्यवस्थापनका लागि उपयुक्त स्थानमा डी.पी.आर. तयार गरी निर्माण कार्य अगाडि बढाउनुको साथै आवश्यक बजेट व्यवस्थापनको लागि केन्द्र सरकार र प्रदेश सरकारको लागि आवश्यक पहल गरिनेछ ।

१०. आमा सुरक्षा कार्यक्रमहरुलाई प्रभावकारी बनाइनेछ, स्वास्थ्यकर्मीहरुको मनोवल बढाई कार्य सम्पादनमा सुधार ल्याउन क्षमता विकासका कार्यक्रमहरु सञ्चालन गरिनेछ ।

११. आगामी आर्थिक वर्षमा स्वास्थ्य सम्वन्धी कार्यक्रमहरुको लागि आवश्यक बजेट विनियोजन गरी प्रस्ताव पेश गरेको छु ।

१२. चन्द्रपुर नगरपालिकालाई पोषण मैत्री स्थानीय शासन कार्यान्वयनलाई अवलम्वन गर्दै पोषण मैत्री स्थानीय शासन कार्यान्वयन कार्यविधि अनुसार कार्यप्रक्रिया अगाडी बढाइनेछ |

<u>शिक्षा सम्वन्धी नीति :</u>

१. सामुदायिक विद्यालयहरुलाई बालमैत्री, प्रविधिमैत्री र वातावरण मैत्री बनाउन शिक्षकहरुको क्षमता विकास गर्न आधुनिक शिक्षा प्रणालीबाट शिक्षण सिकाई गर्न क्षमता विकास, कार्यसम्पादन करार सम्झौता, शैक्षिक क्यालेन्डर निर्माण र सिकाई एवं अभ्यास आदान प्रदान कार्यक्रम सञ्चालन गरिनेछ ।

२. शिक्षक सेवा प्रवाहमा संलग्न शिक्षक तथा कर्मचारीहरुको लागि क्षमता विकासका कार्यक्रमहरु सञ्चालन गरिनेछ।

३. पूर्ण साक्षर वडा र नगरपालिका अभियान सञ्चालन गरिनेछ ।

४. न.पा भित्रका उच्च शिक्षा अध्ययन गर्ने गरीब जेहेन्दार, दलित, जनजाती, अल्पसंख्यक र विपन्न तथा सिमान्तकृत समुहका बालबालिकाहरुलाई उच्च शिक्षा अध्ययनको लागि निश्चित मापदण्डका आधारमा उच्च शिक्षा छात्रवृत्ति उपलब्ध गराइनेछ ।

५. सरकारी सेवालाई प्रोत्साहन गर्न विभिन्न तहका विद्यार्थीहरुको लागि नगरपालिकाको लगानीमा निःशुल्क लोकसेवा, शिक्षक सेवा तथा लाइसेन्स कक्षा सञ्चालन गरिने प्रबन्ध मिलाइनेछ ।

६. प्रयाप्त कक्षा कोठाको अभाव भएका विद्यालयहरुलाई प्राथमिकतामा राखी विद्यालयहरुको भौतिक सुधार कार्यक्रमलाई निरन्तरता दिइनेछ |

७. बालविकास सहजकर्ता, विद्यालय कर्मचारी र विद्यालय सहयोगीहरुलाई नगरपालिकाबाट दिइदै आएको थप सुबिधालाई निरन्तरता दिइनेछ |

८. जनप्रतिनिधि र कर्मचारीको संयुक्त अनुगमन टोली बनाई नगरपालिका भित्रका सबै विद्यालयहरुको अनुगमनबाट प्राप्त प्रतिवेदनलाई कार्यान्वयनमा ल्याइनेछ |

९. आगामी आर्थिक वर्ष शिक्षा सम्वन्धी कार्यक्रमहरुको लागि आवश्यक बजेट विनियोजन गरी प्रस्ताव पेश गरेको छु ।

१०. विद्यालयमा रहेको गुनासो पेटिकालाई व्यवस्थित गरी गुनासो सुनुवाई समितिलाई सक्रिय बनाई हिंसामुक्त विद्यालय बनाउन प्रोत्साहन गरिनेछ ।

**<u>महिला, बालबालिका तथा जेष्ठ नागरिक अपाङ्गता सम्वन्धी नीति :</u>**

<u>महिलाहरुको लागि</u>

१. चन्द्रपुर नगरपालिका भित्र रहेका महिलाहरुलाई जनचेतना तथा सिपमुलक तालिम प्रदान गरी व्यवसायिक बनाउन जोड दिईने छ ।

२. घरेलु हिंसा तथा लैङ्गिक हिंसा निराकरण गर्नको लागि लैङ्गिक हिंसा विरुद्धको १६ दिने अभियान सगैं महिला, पुरुष, श्रीमान/श्रीमती लाई समविकास कार्यक्रम प्रत्येक वडामा सञ्चालन गरिने छ ।

३. विद्यालय वाहिर रहेका किशोरीहरुलाई जीवन उपयोगी सिप विकास तथा क्षमता विकास कार्यक्रम सञ्चालन गरिने छ ।

४. महिलाहरुको व्यवसायिक समुह गठन गरी एक समुह एक व्यवसाय लाई प्राथमिकता दिने ।

५. खुल्ला सिमानाका कारण महिला तथा किशोरीहरुलाई मानव बेचविखन तथा ओसारपसार नियन्त्रणका लागि सचेतना अभिमुखीकरण कार्यक्रम सञ्चालन गरिनेछ ।

६. नगरपालिकामा रहेका अति विपन्न र पारिवारिक रुपबाट टाढा भएका एकल महिलाहरुको पहिचान गरी आर्थिक सहयोगबाट उनीहरुलाई आत्मनिर्भर बनाउन जोड दिईनेछ ।

७. आर्थिक रुपले विपन्न सामाजिक रुपले पछाडी पारिएका महिलाहरुलाई विशेष प्राथमिकता दिदै आर्थिक सशक्तीकरण र सामाजिक रुपान्तरण गर्न जोडदिइने छ ।

<u>बालबालिकाहरु तर्फ</u>

१. नगरपालिकालाई पुर्ण बालश्रम मुक्त अभियानलाई निरन्तरता दिईनेछ ।

२. बालविवाह मुक्त वडा घोषणा कार्यक्रमलाई प्रोत्साहन गरिनेछ ।

३. चन्द्रपुर नगरपालिका नगर कार्यपालिका भित्र रहेका प्रत्येक विद्यालय तथा विद्यालय वाहिर रहेका वालवालिकालाई समेटेर गठन भएको बालक्लवहरुलाई र नगर स्तरीय बालसञ्जाल लाई क्षमता विकास गर्दै बालबालिकाको अधिकार, बालसंरक्षण, बाल हिसां, बालश्रम तथा बालविवाह न्यूनीकरणलाई निरन्तरता दिईनेछ ।

४. बालमैत्री स्थानीय शासन नगर घोषणालाई अवलम्वन गर्दै यसका निमित्त लिएको लक्ष्य प्राप्तिको लागि पार गर्नुपर्ने सूचकांकहरु उपर प्राथमिकताका साथ कार्य संञ्चालन गरिनेछ।

<u>जेष्ठनागरिक तर्फ</u>

१. चन्द्रपुर नगरपालिका भित्र रहेका ८० वर्ष माथिका जेष्ठ नागरिकहरुलाई घर परिवारमा नै गएर सम्मान कार्यक्रमलाई निरन्तरता दिईनेछ ।
२. जेष्ठ नागरिकहरुलाई निशुल्क स्वास्थ्य सिविर कार्यक्रम सञ्चालनमा जोड दिईने छ ।
३. परिवारमा जेष्ठ सदस्य प्रति परिवार र अन्य सदस्यको जिम्मेवारी तथा दायित्व सुनिश्चत गर्न अभिमुखीकरण कार्यक्रम सञ्चालन गरिनेछ ।

<u>अपाङ्गता तर्फ</u>

१. अपाङ्गता परिचय पत्र वितरणको कार्यलाई निरन्तरता दिईनेछ ।
२. अपाङ्गता भएका व्याक्तिहरुको पहिचान गरी फरक फरक प्रकारका सिपमुलक कार्यक्रमहरु सञ्चालन गरिनेछ ।
३. अपाङ्गता भएका व्याक्तिहरुको विशेष आवश्यकतालाई दृष्टिगत गरी सार्वजनिक स्थल तथा संरचनाहरु अपाङ्गमैत्री बनाउन विशेष पहल गरिनेछ ।
४. अपाङ्गता भएका व्याक्तिहरुको पहिचान गरी आवश्यकता अनुसारका सहायक सामाग्रीहरु वितरण गरिनेछ ।
५. अपाङ्गता भएका व्यक्तिहरुको अधिकार संम्वन्धि ऐनमा भएका व्यवस्थालाई कार्यान्वयन ल्याउन आवश्यक व्यवस्था गरिनेछ ।

<u>लैङ्गिक समानता र सामाजिक समावेशिकरण सम्वन्धी नीति:</u>

१. नेपालको संविधानले लैङ्गिक विभेदको अन्त्य गर्दै पछाडि परेको वर्ग तथा समुदाय, दलित, आदिवासी जनजाती, पिछडा वर्ग, अपाङ्गता भएका व्यक्ति, लैङ्गिक तथा यौनिक अल्पसंख्यक, किसान, श्रमिकलाई राज्यको सबै निकायमा समानुपातिक समावेशि सिद्धान्तको आधारमा सहभागी हुने हकको प्रत्याभुती गरेको छ । आर्थिक समृद्धि र दिगो विकासका लागि सम्मान अग्रसरता र नेतृत्वदायी भुमिका स्थापित गर्दै श्रोत, साधन, अवसर र लाभमा समान पहूच स्थापित गर्न सक्ने लक्षित कार्यक्रम सञ्चालन गर्ने नीति लिइनेछ ।
२. नगर सरकारलाई प्राप्त न्यायिक समितिको भुमिकालाई सार्थक बनाउने नीति लिइनेछ । वडा स्तरमानै मेलमिलाप केन्द्रका सामुदायिक मेलमिलाप कर्ताहरुको

क्षमता विकास गरी टोल बस्तीको विवाद टोल बस्तीमानै निरुपन गर्ने प्रक्रियागत व्यवस्थालाई निरन्तरता दिइनेछ।

३. दलित समुदायले परम्परागत रुपमा गर्दै आएको सिपमुलक कार्यक्रमलाई स्तर उन्नति एवं व्यवसायीकरण गर्ने नीति रहेको छ।

<u>वन तथा वातावरण र विपद् व्यवस्थापन सम्वन्धी नीति</u> :

१. चन्द्रपुर नगरपालिका क्षेत्रभित्रको नदीजन्य पदार्थहरुको उत्खन्न हुने क्षेत्र नजिकका बस्ती तथा समुदायहरुको संरक्षण तथा विकास गर्न, नदी कटान नियन्त्रण गर्न र वातावरण अनुकुलनमा सुधार गर्ने कार्यक्रमहरु कार्यान्वयन गरिनेछ । यसको लागि नदीजन्य पदार्थहरुको बिक्रीबाट प्राप्त रकम मध्येबाट निश्चित रकम विनियोजन गर्ने व्यवस्था मिलाएको छु ।

२. नगरपालिकाको वन क्षेत्रभित्र रहेका वन तथा सिमसार क्षेत्र, पोखरी, पानीको मुहानको संरक्षण गर्दै लगिनेछ । पानीघट्ट जस्तो परम्परागत रैथाने प्रविधिलाई संरक्षण र प्रवर्धन गरिनेछ |

३. दैविक प्रकोपमा परी विपदमा परेका घर परिवारलाई नगरपालिकाबाट तत्काल राहतको व्यवस्थापन गर्न आवश्यक रकम विनियोजन गरी कार्यान्वयन गर्ने नीति लिइनेछ ।

४. मापदण्ड पुगेका सडकहरुको दुवै तर्फ वृक्षारोपण गर्ने नीति लिईएको छ ।

५. आगामी आर्थिक वर्षमा वन वातावरण र विपद् व्यवस्थापन सम्वन्धी कार्यक्रमहरुको लागि आवश्यक बजेट विनियोजन गरी प्रस्ताव पेश गरेको छु ।

<u>वातावरण र सरसफाई सम्वन्धि नीति :</u>

१. चन्द्रपुर नगरपालिका अन्तर्गतका फोहोरमैला व्यबस्थापन कार्यलाई व्यवस्थितत गर्नको लागि यस नगरपालिका र छायाँ नेपाल बीच फोहोरमैला प्रशोधन केन्द्र निर्माणको लागि आवश्यक बजेट विनियोजन गरी यस कार्य प्रक्रियालाई निरन्तरता

२. दिईनेछ ।

३. नगर क्षेत्रमा वातावरण प्रदुषणको कारण बनेका तथा आवश्यक वातावरणीय मापदण्ड पूरा नगरेका इटा उद्योगहरुका सम्वन्धमा प्रारम्भिक वातावरण परिक्षण गरी उक्त प्रतिवेदनका आधारमा क्रमश वातावरण प्रतिकुल उद्योगहरुलाई विस्थापन गर्ने नीति लिइनेछ । वातावरणीय प्रदुषण गर्ने उद्योगहरु वातावरणीय मापदण्ड पूरा नभएसम्म नगर क्षेत्रमा स्थापना र सञ्चालनमा पूर्ण रोक लगाउने नीतिलाई कडाइका साथ कार्यान्वयन गरीन्छ ।

४. जनवायु तथा वातावारण मैत्री स्थानीय तहको रुपमा विकास गरिनेछ |

धर्म, पर्यटन तथा सस्कृति सम्वन्धी नीति :

१. चन्द्रपुर नगर क्षेत्रभित्र जैविक विविधताको प्रचुरताले सुरक्षित र मनोरम, आकर्षक पर्यटकीय गनतव्य बन्ने सम्भावना रहेको छ । धार्मिक धरोहरहरुमा नुन्थर पर्यटकीय स्थल, निजान्नद धाम, पौराई ब्रह्म स्थान, कुटीहोम, कृष्ण प्रणामी मन्दिर रहेका छन् । त्यस्ततै चन्द्रपुर झर्ना, शहिद स्मृति पार्क, कलापानी, डावरी, मर्धर सिमसार क्षेत्र जस्ता मनोरम भू दृश्य भएका स्थानहरु समेत छन् धार्मिक एवंम पर्यटकीय सम्पदाको जीर्णोद्धार एवं मर्मत र भू- दृश्यमा पर्यटन सेवा प्रवर्द्धन गर्न, धार्मिक, सास्कृतिक एवंम प्राकृतिक सम्पदाको संरक्षणका लागि गुरु योजना तयार गरिनेछ ।
२. नगरपालिका क्षेत्रमा रहेका पर्यटकीय स्थलहरुको संरक्षण र सम्वर्द्धन गरिनेछ ।
३. आगामी आर्थिक वर्षमा पर्यटन तथा सस्कृति सम्वन्धी कार्यक्रमहरुको लागि आवश्यक बजेट विनियोजन गरी प्रस्ताव पेश गरेको छु ।
४. ऐतिहासिक, पूरातात्विक, सांस्कृतिक तथा धार्मिक महत्वका सम्पदा, प्राचिन स्मारक, सार्वजनिक तथा सामुदायिक भवन, सार्वजनिक एलानी, पर्ती जग्गाको लागत राख्ने तथा संरक्षण गर्ने नीति लिइनेछ ।

संस्थागत क्षमता विकास र सुदृढीकरण तथा सुशासन सम्वन्धी नीति :

१. बेरुजु फछ्र्यौट कार्यलाई तीव्रता दिइनेछ | पेश्की अशुली कार्यलाई कडाईका साथ लागु गरिनेछ |
२. नगरपालिका जनप्रतिनिधिहरु सबैलाई लक्षित गरी क्षमता विकासका लागि कम्तिमा वर्षको एक पटक तालिम एवंम अध्ययन भ्रमणको प्रवन्ध मिलाइनेछ ।
३. नगर प्रमुख र प्रमुख प्रशासकीय अधिकृत बीच तथा प्रमुख प्रशासकीय अधिकृत र शाखा प्रमुखहरु बिचको कार्यसम्पादन प्रणाली अगाडी बढाइनेछ |
४. आन्तरिक नियन्त्रण प्रणालीलाई व्यवस्थितत गर्न आन्तरिक नियन्त्रण कार्यविधिलाई कार्यान्वयनमा ल्याई आर्थिक अनुसाशन कार्यमा जोड दिइनेछ |
५. नगरपालिकाको बस्तुस्थितिको यथार्थ विवरण सङ्कलन गरी नगर पार्श्वचित्र (नगर प्रोफाइल) तयार गरिनेछ ।यसका लागि आवश्यक बजेट विनियोजन गरिनेछ ।
६. आगामी आर्थिक वर्षमा संस्थागत क्षमता विकास सम्वन्धी कार्यक्रमहरुको लागि आवश्यक बजेट विनियोजन गरी प्रस्ताव पेश गरेको छु।

## आर्थिक विकास नीति :

- आगामी आर्थिक वर्षमा आर्थिक विकास सम्वन्धी कार्यका लागि आवश्यक बजेट विनियोजन गरी प्रस्ताव पेश गरेको छु ।

  सहकारी तर्फ

  १. दुग्ध उत्पादक सहकारी संस्था मार्फत दुग्धजन्य परिकार उत्पादन गरी बजार बिस्तार गर्ने, यसले गर्दा चन्द्रपुरमा उत्पादित बस्तुले प्रश्रय पाउदा किसानहरु प्रत्यक्ष लाभान्बित हुनेछन ।
  २. सहकारी संस्था र नगरपालिका बीच अन्तरक्रिया र समीक्षा गर्ने कार्यलाई निरन्तरता दिईनेछ ।
  ३. नगरपालिका बाट सहकारी संस्थाको अबस्था बुझ्न अनुगमनलाई निरन्तरता दिईनेछ ।

## कृषि तथा सहकारी नीति :

१. एक वडा एक बाली /बस्तु उत्पादन विशेष कार्यलाई बढावा दिइनेछ ।

२. वैदेशिक रोजगारीबाट फर्केका युवाहरुको ज्ञान र सिपको उपयोग गर्दै स्वरोजगार जस्ता कार्यक्रमहरुलाई पहिलो प्राथमिकता दिई कार्य गरिनेछ ।

३. कृषि पेशामा युवाहरुलाई आकर्षण वृद्धि गर्न युवा स्वरोजगार लक्षित कार्यक्रमहरु सञ्चालन गरिनेछ । युवा अवस्थाको उर्जालाई कृषि क्षेत्रमा व्यवसायीकरण गर्न स्वरोजगार बन्ने र बनाउने नीति अवलम्बन गरिनेछ ।

४. नगर क्षेत्रमा उत्पादन गर्न सकिने उर्वर जमिनलाई बाँझो राख्न पाइने छैन । यस्ता क्षेत्रहरुमा समुह खेति प्रणाली गर्न चाहने कृषक समुहलाई नगरपालिकाबाट स्यानो ट्युवेल तह सिंचाई प्रणाली र कृषि औजार उपकरणमा अनुदान दिने नीति लिइनेछ । भूमिको कर तिर्दा जमिनको वास्तविक अवस्था उल्लेख गर्नुपर्ने प्रावधानलाई पालना गरिनेछ ।

५. जमिन बाँझो राखेमा त्यस्ता जग्गा धनीलाई जरिवाना गरिनेछ । नगरपालिका क्षेत्रमा रहेका खेतीयोग्य जमिनमा सिंचाई सुबिधा वृद्धि गरी कृषि उत्पादनमा वृद्धि गर्न पूर्वाधार विकासमा लागत साझेदारी गर्ने नीति लिइनेछ । सिंचाईका लागि सोलार पम्प प्रविधि प्रयोगमा प्रोत्साहन गर्न अनुदान दिने नीति लिइनेछ ।

६. नगरको उत्पादन नगर क्षेत्र मै उपभोगको नीति अवलम्बन गर्दै नगरवासीहरुलाई स्थानीय उत्पादन स्थानीय हाट बजारबाटै

७. खरिद गरी उपभोग गर्न प्रोत्साहन गर्ने नीति लिइनेछ ।

८. आगामी आर्थिक वर्षमा कृषी तथा सहकारी क्षेत्रका कार्यक्रमहरुको लागि आवश्यक बजेट विनियोजन गरी प्रस्ताव पेश गरेको छु ।

९. कृषि विधुतीकरणमा जोड दिइनेछ ।
१०. नर्सरी कार्यक्रमलाई जोड दिइनेछ ।

## पशु सेवा तथा पशु स्वास्थ्य निति

१. कृषकलाई उन्नत तथा पोषिलो घाँसे वालीको खेती गराई पशुपालन व्यवसायको लागत घटाउन विभिन्न सिजनका घाँसका विउ तथा बेर्ना वितरण गर्ने कार्यक्रम सञ्चालन गरिनेछ ।

२. उन्नत पशु पालन व्यवसाय गरी दुध, फुल, र मासुमा आत्मनिर्भर भई निर्यातमुखी पशु पालन व्यवसाय गर्नको लागि नश्ल सुधार गरी कृत्रिम गर्भाधारण कार्यक्रमलाई नगरका १० वटै वडाहरुमा अझ बढी विस्तार गरिदै जाने कार्यक्रम सञ्चालन गरिनेछ ।

३. नगरका १० वटै वडाहरुमा पशु स्वास्थ्य शिविर, बाझोपन निवारण शिविर, पशुहरुको परजिवी नियन्त्रण शिविर सञ्चालन गरी पशु स्वास्थ्यमा थप टेवा पुऱ्याउनुपर्ने कार्यक्रम सञ्चालन गरिनेछ ।

४. कृषकको पशु स्वास्थ्यलाई मध्य नजर गरी पशुपंक्षिको रोग पहिचान गर्न सुविधा सम्पन्न Lab को व्यवस्थापन गरिनेछ ।

५. १० नगरका १० वटै वडाहरुमा कृषकका पशुहरुलाई रोग लाग्न नदिन खोप कार्यक्रम सञ्चालन गरिने छ र पशु स्वास्थ्य उपचारलाई अझ बढी थप सेवामुखि गरिदै लैजाने कार्यक्रम सञ्चालन गरिनेछ ।

## न्यायिक सम्बन्धी नीति :-

१. नेपालको संविधान र स्थानीय सरकार सन्चालन ऐनले प्रदान गरेको स्थानीय न्यायिक अधिकारलाई न्यायिक समिति मार्फत प्रभावकारी बनाइनेछ ।

२. नगरपालिका भित्रका नागरिकहरुको स-साना विवादका कारण मुद्धा मामिलामा अल्झिई आर्थिक तथा समयको हानी हुने अवस्थाको अन्त्य गर्दै त्यस्ता विवादहरु न्यायिक समिति मार्फत निराकरण गर्ने नीति लिइनेछ ।

३. नगरमा सूचीकृत भएका मेलमिलापकर्ताहरुका लागि मेलमिलाप सम्बन्धी क्षमता विकास तालिम सन्चालन गरिनेछ ।

४. न्यायिक समितिका पदाधिकारी र मेलमिलाप समितिका संयोजकहरुको क्षमता अभिवृद्धीका लागि अन्तर प्रदेश भ्रमणको व्यवस्था गरिनेछ ।

५. न्यायिक समिति बाट भएका क्रियाकलापहरुको सफ्टवेयर मार्फत व्यवस्थित अभिलेख राख्ने व्यवस्था मिलाइनेछ ।
६. प्रत्येक वडामा न्यायिक समितिको काम, कर्तव्य र अधिकारको बारेमा सरोकारवालाहरु विच अन्तरक्रिया कार्यक्रम सन्चालन गरिनेछ ।

<u>विधायन सम्बन्धी निती :-</u>

१. नगरपालिकालाई आवश्यक पर्ने ऐन, कानून, नियम, कार्यविधी निर्माण गर्ने कार्यलाई आगामी वर्ष पनि निरन्तरता दिइनेछ ।
२. विधायन समिति मार्फत निर्माण भएका कानूनहरु सकभर नगर सभाबाट पारित गरिने परिपाटीको विकास गरिनेछ ।
३. विधायन समितिका पदाधिकारीको क्षमता अधिवृद्धिको लागि तालिम, अन्तरपालिका भ्रमणको व्यवस्था गरिनेछ ।
४. नगरपालिकाबाट निर्माण भएका ऐन, कानून, नियम, कार्यविधिको बारेमा प्रत्येक वडामा जन चेतनामूलक कार्यक्रम सन्चालन गरिनेछ ।

<u>रोजगार सेवा केन्द्रको नीति तथा कार्यक्रम :</u>

१. श्रमको सम्मान राष्ट्रको अभियान सम्बन्धी कार्यक्रम गरिनेछ ।
२. रोजगार संवाद मंचको सञ्चालनलाई निरन्तरता दिइनेछ ।
३. स्थानीय तहको रोजगार रणनीती तर्जुमा, अध्यावधिक र कार्यान्वयन गरिनेछ ।
४. रोजगारी दसकको शुभारम्भ गरिनेछ।
५. वैदेशिक रोजगारीमा गएका तथा वैदेशिक रोजगारीबाट फर्किएका युवाहरुको तथ्याङ्क संकलन तथा प्रोफाइल तयार गरी सीपमा आधारित रोजगारी र क्षमता विकासका कार्यक्रम सञ्चालन गरी विदेशमा सिकेका सीपको सही सदुपयोग तथा रिटर्नीहरुलाई सामाजिक पुनः एकीकरण कार्यक्रम मार्फत उद्यमी बनाईने छ ।
६. रोजगारी सृजना गरिनेछ । (सुचिकृत बेरोजगारहरुको लागि)
   (क) विकास निर्माण आयोजनाहरुको निर्माण तथा मर्मत सम्भार गरिनेछ ।
   (ख) बालबालिका तथा ज्येष्ठ नागरिक स्याहार
   (ग) खेलकुद
   (घ) बालबालिका प्रारम्भिक शिक्षा
   (ङ) स्थानीय तहमा गरिने विभन्न अभियान तथा सचेतनामुलक क्रियाकलाप गरिनेछ ।

७. युवाहरुका लागि उद्यमशीलता विकास कार्यक्रम सञ्चालन गरिनेछ ।

<u>सामी परियोजनाको तर्फ :</u>

१. वैदेशिक रोजगारीमा जान चाहने सम्भावित कामदारहरुलाई गहन अभिमुखीकरण कार्यक्रम सञ्चालन गरिने छ ।
२. वैदेशिक रोजगारीमा गई सीप तथा अनुभव हासिल गरेका युवाहरुलाई रिटर्नी स्वयम् सेवकका रुपमा परिचालन गरिने छ ।
३. वित्तिय साक्षरता कार्यक्रम सञ्चालन गरिने छ ।
४. सुरक्षित वैदेशिक रोजगारी सम्बन्धी सूचना सामग्री उत्पादन, प्रशारण तथा प्रकाशन गरिने छ ।
५. सुरक्षित वैदेशिक रोजगारी सम्बन्धी समुदायमा अभिमुखीकरण कार्यक्रम सञ्चालन गरिने छ ।
६. सरोकारवालहरुसँगको अन्तरक्रिया तथा अभिमुखीकरण कार्यक्रम (प्रहरी, पत्रकार, स्थानीय जनप्रतिनिधि, समुदायका अगुवाहरुलाई आप्रवासनको असर तथा प्रभाव, कामदाररलाई सामाजिक बहिस्करण प्रभाव न्यूनीकरण) कार्यक्रम सञ्चालन गरिने छ ।
७. वैदेशिक रोजगारीमा जान चाहने सम्भावित कामदारहरुलाई आवश्यकता अनुसार मनोसामाजिक परामर्श सञ्चालन गरिने छ ।

<u>चन्द्रपुर नगरपालिकाको सुचना तथा सञ्चार सम्बन्धि</u>

१. सूचना/सन्देश प्रवाहको पारदर्शिता नागरिकलाई नीतिगत निर्णय, कार्यक्रम, बजेट, योजना र कार्यान्वयन प्रक्रियाको जानकारी दिने ।समयमै सार्वजनिक सूचना प्रकाशन गर्ने (जस्तैः सूचना पाटी, वेबसाइट, सामाजिक सञ्जाल) ।

२. सञ्चार माध्यमसँग सहकार्य नगरपालिकाले गरेका प्रगती, कार्यको पत्रकार सम्मेलन, प्रेस विज्ञप्ति, र सञ्चार माध्यमलाई समयमै सूचना दिने ।

३. स्थानीय संचारकर्मीको क्षमता अभिबृध्दि जस्ता कार्यक्रम संचालन गरिनेछ ।

४. डिजिटल माध्यमको प्रयोग तत्कालै सार्बजनिक गर्नु पर्ने र नागरिकले थाहा पाउनु पर्ने बिषय पालिकाको वेबसाइट, फेसबुक पेज, मोबाइल एप आदि सञ्चालन गरेर सेवा र सूचनाहरू प्रदान गर्ने ।डिजिटल साक्षरतामा स्थानीय नागरिक र संचारकर्मीको पहुँच वृद्धि गरिने छ ।

५. जनसहभागिता र फिड ब्याक लिईने नागरिक सुनुवाइ, सार्वजनिक सुनुवाइ, सुझाव पेटिका प्रयोग गरी नागरिकको प्रतिक्रिया संकलन गरिने छ ।

<u>आन्तरिक आय व्यवस्थापन</u> :

१. नगरपालिकाको भरपर्दो आम्दानीको श्रोत आन्तरिक राजश्व नै हो । आन्तरिक राजश्वको ठूलो हिस्सा ओगट्ने नदीहरुको ढुँगा, गिट्टी, वालुवाको उत्खनन्, संकलन, आन्तरिक विक्री र निकासीका सन्दर्भमा संघ र प्रदेश सरकारवाट प्राप्त निर्देशनहरु तथा विधमान ऐन कानून वमोजिमका वातावरणीय प्रभावका प्रावधानहरुलाई कार्यान्वयन गर्दै लगिनेछ।

२. नगरपालिकाको सिमित श्रोतलाई ध्यानमा राखी आन्तरिक आय र राजश्वलाई वढाउन राजश्वका थप श्रोतहरु अध्ययन र पहिचान गरी आन्तरिक आय वृद्दि गर्दै जाने नीति लिईनेछ, राजश्व परिचालनको लागि चुस्त र दुरुस्त किसिमको व्यवस्थापन प्रणाली अवलम्वन गरिनेछ |

३. राजश्व संकलन र वातावरणीय पक्षलाई समन्वयात्मक ढंगले अघि बढाउँदै प्रारम्भिक वातावरणीय परीक्षण ।EE प्रतिवेदनका प्रावधानहरुलाई समन्वय गर्दै वातावरणमा पर्ने नकारात्मक असर न्यूनीकरण गर्न गत विगतका नगर सभाहरुवाट भएका निर्णयहरु तथा नीतिहरु प्रभावकारी रुपमा कार्यान्वयन गर्दै जाने नीति लिइनेछ।

४. गत विगतको बक्यौता असुली गर्न अभियान सञ्चालन गरिनेछ ।

५. कर शिक्षा अभियान मार्फत घुम्ती शिविर सञ्चालन गरी घर दैलोमा नै व्यवसाय दर्ता गर्न अभियान चलाइनेछ |

<u>*श्रद्देय* सभाध्यक्षज्यू,</u>

मैले आगामी आर्थिक वर्षको नगरपालिकाको प्रस्तावित नीति तथा कार्यक्रमहरु संक्षेपमा प्रस्तुत गरें, प्रस्तुत नीति तथा कार्यक्रम र बजेट तयारीको क्रममा संघीय-सांसद र प्रदेश-सांसद, नगर सभाका सदस्यज्यूहरु, नागरिक समाजको सुझाव र मार्गदर्शनलाई अमूल्य निधिको रुपमा स्वीकार गरी बस्ती, वडा समिति, नगर कार्यपालिकाका सदस्यज्यूहरु, नगर सभाका सदस्यज्यूहरु, गै.स.स.एवं सरोकारवालाहरुबाट प्राप्त परामर्शहरुलाई नगरपालिकाको उपलव्ध श्रोतले अनुमति दिएको अधिकतम सिमामा रहि समेट्ने प्रयास गरिएको व्यहोरा यहाँहरु समक्ष सविनय अनुरोध गर्दछु । यस सम्वन्धी विस्तृत नीति तथा कार्यक्रम र बजेटको विवरण चन्द्रपुर नगरपालिका विकास योजना पुस्तिकामा प्रकाशित गरिने व्यहोरा यस सम्मानित नगर सभालाई जानकारी गराउँछु ।

वार्षिक नगर विकास योजना पुस्तिका प्रकाशित गर्ने समयसम्म संघीय सरकार र प्रदेश सरकारबाट प्राप्त हुने सशर्त र निशर्तका कार्यक्रमहरुको साथै स्थानीय विकास पूर्वाधार कार्यक्रम अन्तर्गत छनौट भई प्राप्त भएका योजना तथा कार्यक्रमहरु समेत उक्त पुस्तिकामा प्रकाशित गर्ने व्यवस्था मिलाएको छु । गाउँ, टोल र वडास्तर हुँदै अधिकांश नगरवासी जनताको सहभागितामा छनौट र प्राथमिकीकरण भएका योजना तथा कार्यक्रमहरु नगरपालिकाको प्राथमिकतामा पर्दापर्दै पनि नगरपालिकाको सिमित आन्तरिक श्रोत तथा संघीय र प्रदेश सरकारबाट प्राप्त न्यून बजेट सिलिङका कारणले सबै योजनाहरुमा बजेट विनियोजन गर्न नसकिएको व्यहोरा विनम्रतापूर्वक अनुरोध गर्दछु । प्राथमिकतामा परेर पनि बजेट विनियोजन हुन नसकेका योजनाहरुलाई चन्द्रपुर नगरपालिकाको आयोजना बैंकमा समावेश गरी नगरपालिकाबाट प्रदेश सरकार, संघीय सरकार तथा संघीय-सांसद र मधेश प्रदेश सभामा प्रतिनिधित्व गर्नुहुने माननीयज्यूहरुसंग समन्वय गरी स्थानीय पूर्वाधार विकास कार्यक्रम समेतबाट आगामी दिनहरुमा सम्वोधन गर्दै जाने तथा अन्य गै.स.स. तथा दातृ निकायहरुसंग समेत समन्वय गरी श्रोतको व्यवस्था मिलाई क्रमशः सन्चालन तथा कार्यान्वयन गर्दै लगिने व्यहोरा अनुरोध गर्दछु ।

<u>आदरणीय सभाध्यक्षज्यू,</u>

अब म चन्द्रपुर नगरपालिकाको आगामी आर्थिक वर्षको लागि प्रस्तावित राजश्व र व्ययको अनुमान प्रस्तुत गर्ने अनुमति चाहन्छु ।

आगामी आर्थिक वर्ष २०८२/०८३ को लागि नगरपालिकाको कूल बजेट मध्ये अधिकांश बजेट संघीय सरकार र प्रदेश सरकारवाट प्राप्त हुने अनुदान नै हो ।यस बजेटमा नगरपालिकाको आफ्नो आन्तरिक आय राजश्व पनि समावेश गरेको छु । नगरपालिकाको आन्तरिक आम्दानीका लागि स्थानीय सरकार सञ्चालन ऐन, २०७४ वमोजिम नगरपालिकाले लगाउन र संकलन गर्न पाउने कर, दस्तुर, शुल्क समेतका आधारहरु उपलव्ध भए वमोजिम गत आर्थिक वर्षमा स्वीकृत गरी निर्धारण गरिएको कर, दस्तुर, शुल्कका दर तथा क्षेत्रहरुलाई केहि संशोधन गरी आगामी आर्थिक वर्षको लागि बजेट प्रस्ताव गरेको छु,

१. नगरपालिकाको आगामी आर्थिक वर्ष २०८२/०८३ का लागि तपसिल बमोजिमको जम्मा रकम रु. १ अर्ब २१ करोड ५९ लाख ५१ हजार ६ सय ४० रुपैयाँ मात्र (सामाजिक सुरक्षा भत्ता सहित) को अनुमानित आय विवरण प्रस्ताव गरेको छु ।

क. संघ बाट प्राप्त हुने राजश्व बाँडफाँड रु. १६ करोड ३५ हजार मात्र,

ख. संघ बाट प्राप्त हुने वित्तीय समानीकरण अनुदान रु. १७ करोड ९७ लाख मात्र,

ग. संघ बाट प्राप्त हुने सशर्त अनुदान चालु तर्फ रु. ३६ करोड ८४ लाख मात्र,

घ. संघ बाट प्राप्त हुने सशर्त अनुदान पुँजीगत तर्फ रु. ३ करोड ६९ लाख मात्र,

ङ. संघ बाट प्राप्त हुने विशेष अनुदान पुँजीगत तर्फ रु. ४ करोड मात्र,

च. संघ बाट प्राप्त हुने समपुरक अनुदान पुँजीगत रु. ६५ लाख मात्र,

छ. प्रदेश बाट प्राप्त हुने समानीकरण अनुदान रु. १ करोड २४ लाख ५२ हजार मात्र,

ज. प्रदेश बाट प्राप्त हुने समपुरक अनुदान रु. ६३ लाख १५ हजार मात्र,

झ. प्रदेश बाट प्राप्त हुने विशेष अनुदान रु. ४० लाख मात्र,

ञ. प्रदेश बाट प्राप्त हुने शसर्त अनुदान रु. ४० लाख ५३ हजार मात्र,

ट. प्रदेश बाट प्राप्त हुने राजश्व बाँडफाँड रु. १ करोड ७५ लाख ९६ हजार ६ सय ४० रुपैयाँ मात्र,

ठ. सामाजिक सुरक्षा भत्ता बापत रु. २९ करोड मात्र,

ड. ग्रामिण विकास केन्द्रको रु. ९० लाख ६० हजार १ सय २८ रुपैयाँ मात्र,

ढ. छायाँ नेपालको रु. १ करोड ५० लाख मात्र,

ण. मालपोत बाट प्राप्त हुने आम्दानी रु. ३ करोड मात्र,

त. आन्तरिक आय तर्फ रु, ४ करोड ५० लाख रुपैयाँ मात्र,

२. आगामी आर्थिक वर्ष २०८२/०८३ को प्रस्तावित आय-व्ययको विवरण अनुसूचीमा समावेश गरेको छु, नीति, योजना तथा कार्यक्रमगत बजेट बाँडफाँडको विस्तृत विवरण चन्द्रपुर नगरपालिकाको वार्षिक नगर विकास योजना पुस्तिकामा प्रकाशित गरिने व्यहोरा निवेदन गर्दछु ।

<u>आदरणीय सभाध्यक्षज्यू र सदस्यज्यूहरु,</u>

प्रस्तावित बजेट, योजना तथा कार्यक्रमरहरुको प्रभावकारी कार्यान्वयनको लागि आवश्यक क्षमता विकास, संस्थागत/नीतिगत/कार्यविधिगत सुधारका कार्यहरु गर्ने साथै आवश्यकता अनुसार सरकारी, सहकारी क्षेत्र, गै.स.स. क्षेत्र, निजीक्षेत्र, नागरिक समाज, सञ्चार क्षेत्र र स्थानीय उपभोक्ताहरु समेतको संयुक्त सहभागितात्मक सूचकमा आधारित अनुगमन एवं मूल्यांकनको व्यवस्था मिलाईनेछ र यसबाट बजेटको कार्यान्वयनको सुनिश्चितता एवं पारदर्शिता र उत्तरदायित्वको थप प्रवर्द्धन हुने विश्वास लिएको छु । प्रस्तुत नीति, कार्यक्रम तथा बजेटको कार्यान्वयनवाट नगरपालिकाको समग्र सामाजिक, आर्थिक, भौतिक, वातावरणीय, न्यायोचित र समतायुक्त दिगो विकासमा योगदान गर्न कोशेढुङ्गा हुने विश्वास लिएको छु ।

अन्त्यमा,

नगरको विकासमा नगरपालिका मात्र एक्लो नायक हुन सक्दैन बरु राजनैतिक तथा वौद्धिक बर्ग, विकासप्रेमी, समाजसेवी, गै.स.स., सरकारी एवं सहकारी तथा निजी क्षेत्र, सञ्चारकर्मी नागरिक समाज समेतको साझा सहकार्य, सहयात्रा एवं साझेदारी सहयोग आवश्यक हुने कुरामा फरक मत रहँदैन । नगरको बजेट तथा कार्यक्रम तर्जुमाका क्रममा सहभागितामूलक योजना तर्जुमा प्रक्रियाका सबै चरणहरुमा सहभागी हुनुहुने सबैमा हार्दिक आभार व्यक्त गर्दछु । साथै यस कार्यलाई सफल र प्रभावकारी रुपमा कार्यान्वयन गर्नका लागि सम्बद्ध सबै पक्षवाट सदा झैं निरन्तर सहयोग र सुझावको अपेक्षा गर्दै प्रस्तुत वार्षिक नगर विकास योजना तर्जुमा कार्यमा सक्रिय एवं रचनात्मक सहयोग पुर्याउनु हुने संघीय-सांसद र मधेश प्रदेश सभाका माननीय सदस्यज्यूहरु, नगर कार्यपालिका तथा नगर सभाका सदस्यज्यूहरु, नगरमा क्रियाशिल राजनैतिक दल, सहकारी तथा निजी क्षेत्र, आम नागरिक, विषयगत समितिहरु, विभिन्न संघसंस्थाहरु, दातृ निकाय, गै.स.स., संचारकर्मी, लक्षित वर्ग, नागरिक समाज एवं नगर कार्यपालिकाको कार्यालयका प्रमुख प्रशासकीय अधिकृतज्यू लगाएत कार्यालयमा कार्यरत सम्पूर्ण सहकर्मी कर्मचारी साथीहरुप्रति हार्दिक आभार व्यक्त गर्दै धन्यवाद दिन चाहन्छु । साथै चन्द्रपुर नगरपालिकाको यस गरिमामय पन्ध्रौं नगर सभामा उपस्थित सबै विशिष्ट महानुभावहरुप्रति आदर र सम्मान सहित हार्दिक धन्यवाद ज्ञापन गर्दछु ।

*धन्यवाद !*

जयमाला कुमारी चौधरी
नगर उप प्रमुख
चन्द्रपुर नगरपालिका, रौतहट